नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः२.१.१७/०७८/०७९
चलानी नं.:- ११६९

मितिः २०७९।०३।०८

विषयः वेभ साइटमा अपलोड गर्ने सम्बन्धमा ।

श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार ।

प्रस्तुत विषयमा स्वास्थ्य सेवा विभागको च.नं. १६१५ मिति २०७९।०३।०७ गतेको पत्रबाट नेपाल सरकारको नीति अनुसार ५ वर्ष देखि १२ वर्षमुनिका बालबालिकाहरूलाई मिति २०७९ असार ९ गतेदेखि १५ गतेसम्म २७ जिल्लाहरू र भाद्र ५ गतेदेखि ११ गतेसम्म ५० जिल्लाहरूमा दुई चरणमा गरी कोभिड-१९ विरुद्ध पहिलो श्रृंखलाको खोप अभियान संचालनमा आवश्यक सहयोग र समन्वय गरिदिन लेखी आएको हुँदा संलग्न पत्र (पाना २) वेभ साइटमा अपलोड गरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

(बलदेव भण्डारी)
शाखा अधिकृत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा
टेकु, काठमाडौं, नेपाल।

फोन नं.: ४२६१४३६
४२६२२३८
Web Site: www.dohs.gov.np

प.सं. २०७८/०७९ च.नं. १६१५

मितिः२०७९/०३/०७

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौँ
श्री शिक्षा तथा मानवश्रोत विकाश केन्द्र, सानोठिमी, भक्तपुर
श्री प्याब्सन, केन्दीय कार्यालय, काठमाडौँ
श्री एनप्याब्सन, केन्दीय कार्यालय, काठमाडौँ

**विषय: आवश्यक सहयोग र समन्वय सम्बन्धमा।**

प्रस्तुत सम्बन्धमा नेपाल सरकारको नीति अनुसार ५ वर्ष देखि १२ वर्षमुनिका बालबालिकाहरुलाई पनि २०७९ असार ९ गते देखि १५ गते २७ जिल्ला र भाद्र ५ गते देखि ११ गते सम्म ५० जिल्लाहरुमा दुई चरणमा गरि कोभिड-१९ विरुद्ध पहिलो श्रृखलाको खोप दिन अभियान संचालन गरिने व्यहोरा सहर्ष अनुरोध छ।

तत् सम्बन्धमा ५ वर्ष देखि १२ वर्षमुनिका बालबालिकाहरु मुख्य रुपमा विद्यालयमा रहने र खोप अभियान पनि विद्यालयमा नै केन्द्र राखि संचालन गरिने, उक्त उमेर समुहका साना बालबालिकाहरुलाई खोप बारेमा जानकारी नहुने हुदा यो अभियानलाई प्रभावकारी बनाउन तहाँबाट मातहतको निकाय, विद्यालय तथा सरोकारवालाहरुलाई तपसिलको सहयोग र सहजिकरणको लागि पत्राचार एवं समन्वय गरिदिनु हुन अनुरोध छ।

**तपसिल:**

१.निजि तथा सामुदायिक विद्यालयहरुले विद्यालयमा रहेका ५ देखि १२ वर्ष मुनिका वास्तविक विद्याथी संख्या यथाशक्य चाडै नजिकको स्वास्थ्य संस्था वा वडामा उपलब्ध गराउन।

२. उक्त उमेर समुहका बालबालिकालाई दिईने कोभिड-१९ विरुद्धको खोप अन्य खोप भन्दा फरक बनावट र मात्राको रहेको र एक पटक मात्र उपलब्ध हुन सक्ने भएकोले बालबालिकाहरुलाई नछुटाई खोप लगाउन।

३. उक्त खोप अभियानको खोप केन्द्र संचालन, व्यवस्थापनमा विद्यालयबाट सहयोग गर्न।

४. विद्यालयमा संचालन हुने खोप केन्द्रबाट अन्य जुनसुकै विद्यालय, समुदायमा रहेका बालबालिकाहरुलाई समेत खोप उपलब्ध गराउने व्यवस्था गर्न।

निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा
टेकु, काठमाडौं, नेपाल।

फोन नं. : ४२६१४३६
४२६२२३८
Web Site: www.dohs.gov.np

प.सं. २०७८/०७९ च.नं.

५. विद्यालय बन्द/बिदा भएको भए खोप केन्द्र संचालनको दिन विद्यालय खुल्ला गरि आवश्यक सहयोग गर्न।

६. खोप अभियानको बारेमा शिक्षक विद्यार्थी मार्फत लक्षित समुह, मिति र स्थानको बारेमा व्यापक प्रचार प्रसार गरिदिन।

७. यो खोप ५ देखि १२ वर्ष मुनिका बालबालिकालाई मात्र दिन मिल्ने र १२ वर्ष वा सो भन्दा माथिका उमेर समुह (१२ देखि १७ वर्ष) का छुट बालबालिकाहरुलाई विगतमा प्रयोग भएका Moderna र Pfizer खोप लिन तथा उक्त खोपहरु नजिकको स्वास्थ्य संस्था, स्थानिय तह वा स्वास्थ्य कार्यालयहरुमा सम्पर्क गरी लिन जानकारी गराउन।

...............................................
डा. विवेक कुमार लाल
निर्देशक

निर्देशक

बोधार्थ:

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौँ।

श्रीमान् महानिर्देशकज्यू, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौँ।

श्री स्वास्थ्य कार्यालय, ७७ वटै : आवश्यक समन्वयको लागि।

श्री स्तानीय तह, ७५३ वटै: आवश्यक सहयोग र समन्वयको लागि।